नेपाल सरकार

अर्थ मन्त्रालय

महालेखा नियन्त्रक कार्यालय

## कोष तथा लेखा नियन्त्रक कार्यालय

धुन्चे, रसुवा



सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को दफा (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको

# आर्थिक बर्ष २०८२/०८३ चौथो त्रैमासिकको

# स्वत प्रकाशन

सूचना सार्वजनिक गर्ने निकायको नामः- कोष तथा लेखा नियन्त्रक कार्यालय, धुन्चे, रसुवा

सम्पादित कामको अवधिः- २०८३/०१/०१ देखि २०८३/०३/३२

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
धुन्चे, रसुवा

# बिषयसूची

१. निकायको स्वरुप र प्रकृति

२. काम कर्तव्य र अधिकार

३. कोष तथा लेखा नियन्त्रक कार्यालय रसुवाको संगठन संरचना र कार्यविवरण

४. कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रदान गरिने सेवाहरू तथा कार्यहरु

५. रसुवा जिल्लामा रहेका सङ्घीय कार्यालयहरू र स्थानीय तहहरू

६. चैत्र मसान्तसम्म सम्पादित कार्यहरू

७. सुचनाको हक सम्बन्धी कार्य

८. सेवा सहजीकरण सम्बन्धमा कार्यालयका प्रयासहरु

९. कार्यालयको सम्पर्क विवरण

## १. निकायको स्वरूप र प्रकृति

नेपाल सरकार, अर्थ मन्त्रालय अन्तर्गत रहेको महालेखा नियन्त्रक कार्यालयको मातहतको निकाय कोष तथा लेखा नियन्त्रक कार्यालय हो। महालेखा नियन्त्रक कार्यालय वि.स. २००८ सालमा महालेखापालको रूपमा स्थापित भएको र वि.स. २०३२ सालमा महालेखा नियन्त्रक कार्यालयको रूपमा रह्यो। वि.स. २०३८ सालमा प्रतिनिधि कार्यालयको रूपमा सबै जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालय (काठमाडौंमा थप ४ भूक्तानी केन्द्र समेत हाल ८१ वटा) को स्थापना भयो। यसै अन्तर्गत रसुवा जिल्लामा रहेका सङ्घ र प्रदेश अन्तर्गत रहेका कार्यालयहरू र स्थानीय तहहरूको बजेट निकासा, लेखा व्यवस्थापन र कोषको नियन्त्रण गर्ने लगायतका कार्यहरू कोष तथा लेखा नियन्त्रक कार्यालय, रसुवाले गर्दै आएको छ।

जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालय स्थापना हुनु पूर्व मालपोत कार्यालयबाट निकासा दिने काम हुने गरेको थियो । तत् पश्चात केन्द्रीय निकायबाट ड्राफ्ट मार्फत रकम उपलव्ध गराउने व्यवस्था थियो । वि.सं. २०३८ सालपछि जिल्लास्तरमा कोष तथा लेखा नियन्त्रक कार्यालयहरू स्थापना गरी चौमासिक निकासा र आ.व. २०५१/०५२ देखि मासिक सोधभर्ना निकासा दिने प्रणालीको विकास भयो ।समयक्रमसँगै सूचना प्रविधिमा भएको विकासलाई आत्मसात गर्दै मुलुकको सार्वजनिक वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन वि. सं. २०६७ देखि इन्टरनेट प्रणालीमा आधारित एकल खाता कोष प्रणाली (Treasury Single Account-TSA) लागू गरी भुक्तानी कार्यालयहरूको माग अनुसार खर्च जनाई Electronic Fund Transfer-EFT तथा आवश्यकता अनुसार चेक जारी गरी रकम उपलव्ध गराउने, धरौटी हिसाव एकल खातामा जम्मा गर्ने र खर्च लेख्ने तथा राजश्व हिसावलाई समेत एकल खातामा जम्मा गर्ने व्यवस्था हुँदै आएको छ। हाल एकीकृत रूपमा Integrated Public Finance Management System (IPFMS) अनुरूप कोलेनिकाले वित्तीय प्रणाली सञ्चालन गर्दै आएको छ।

यसैगरी जिल्लास्थित सरकारी कार्यालयहरूलाई Computerize Government Accounting System (CGAS), Public Assets Management System (PAMS) सञ्चालनका लागि युजर आइडी र पासवर्ड वितरण गर्ने, कार्यालयको खाता सञ्चालनको लागि दस्तखत नमूना कार्ड प्रमाणित गर्ने लगायतका कार्यहरू यस कार्यालयबाट सम्पादन हुने गर्दछन्। यस कार्यालयले रसुवा जिल्लाका सङ्घीय कार्यालयलाई ती कार्यालयहरूको स्वीकृत वार्षिक बजेटको परिधिभित्र रहेर भुक्तानी निकासा दिने, जिल्लास्थित प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत बागमती प्रदेश सरकार र रसुवाका ५ वटा स्थानीय तहहरूलाई सङ्घीय सरकारको अनुदानहरू हस्तान्तरण गर्ने जिल्लास्थित सङ्घीय कार्यालयहरूको

आन्तरिक लेखापरीक्षण गर्ने, कार्यालयहरूको बार्षिक तलवी प्रतिवेदन पास गर्ने साथै निवृत्तिभरण अधिकारपत्र सम्वन्धी तोकिएका कामहरू सम्पादन गरी सोको कानून बमोजिम आवधिक प्रतिवेदनहरू गर्ने गरेको छ।

यसै गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, रसुवाले जिल्लाको आन्तरिक राजस्व कार्यालयको प्रतिनिधिको रूपमा मदिरा, सुर्तिजन्य पदार्थ लगायतका वस्तुको उत्पादन र वितरणमा लाग्ने अन्तःशुल्क पनि सङ्कलन गर्ने गरेको छ।

## २. काम, कर्तव्य र अधिकारः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ र महालेखा नियन्त्रक कार्यालयबाट तोकिए अनुसार यस कार्यालयको काम कर्तब्य देहाय अनुसार रहेका छन्।

- महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रूपमा जिल्लास्थित कार्यालयको आर्थिक कारोबारोको रेखदेख निरीक्षण तथा गर्ने र प्रचलित कानूनको अधीनमा रही राय दिने।
- आफ्नो ईलाका भित्र आर्थिक कारोबार गर्ने कार्यालयहरू महालेखा नियन्त्रक कार्यालयको परामर्शमा कार्यालयहरूलाई संकेत नम्बर दिने कार्यालयहरूको लगत अद्यावधिक राख्ने।
- कार्यालयबाट आर्थिक कारोबारका विवरण लिई जिल्लाको एकिकृत वितीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पठाउने।
- प्रचलित कानून र महालेखा नियन्त्रक कार्यालयले तोके बमोजिम त्रैमासिक रूपमा आन्तरिक लेखापरीक्षण गर्ने र प्रतिवेदन गर्ने।
- जिल्ला स्थित कार्यालयहरूलाई दिईएको निकासा रकमको अभिलेख राखे।
- राजस्व, धरौटी, विनियोजन एवं अन्य कोष सम्बन्धी भएका कारोबार लगायत नगद मौज्दात र बेरुजु फस्यौटका सम्बन्धमा आवश्यकता अनुसार निरिक्षण गरी त्यस्तो प्रतिवेदन महालेखा नियन्त्रक कार्यालय र सम्बन्धित कार्यालयका केन्द्रीय निकायमा पठाउने ।
- निरीक्षण गर्दा स्रेस्ता दुरुस्त नराखेको वा हिनामिना गरेको वा प्रतिवेदन नगरेको वा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ अनुसार काम नगरेको पाईएमा आर्थिक कारोबार तथा भुक्तानी निकासा रोक्का राखी सम्बन्धित तालुक कार्यालयमा जानकारी गराउने।
- महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रूपमा प्रदेश तथा स्थानीय सन्चित कोषको सञ्चालन लेखाकंन प्रतिवेदन खाता सञ्चालन सम्न्धमा आवश्यक समन्वय सहजिकरण गर्ने।
- महालेखा नियन्त्रक कार्यालयले समय समयम तोकेका अन्य कार्यहरू गर्ने।


## ३. कोष तथा लेखा नियन्त्रक कार्यालय रसुवाको संगठन संरचना र कार्यविवरण

### ३.१ सङ्गठन संरचना

अनुसूची १.११

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालयहरूको संगठन संरचना

इलाम, महोत्तरी, रौतहट, बारा, दोलखा, सिन्धुली, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, धनकुटा, रामेछाप, उदयपुर, गुल्मी, स्याङजा, पाल्पा, बर्दिया, डोटी, कपिलवस्तु, पाँचथर, संखुवासभा, रसुवा, तमहुँ, पर्वत, बैतडी, अर्घाखाँची र नवलपरासी (पश्चिम) - (२६ को.ले.नि.का.)




चन्द्रकला पौडेल
सचिव

## ३.२ स्वीकृत दरबन्दी तेरिज

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
धुन्चे, रसुवा

नेपाल सरकार

अर्थ मन्त्रालय

महालेखा नियन्त्रक कार्यालय

अनुसूची २.११

### कोष तथा लेखा नियन्त्रक कार्यालयको दरबन्दी तेरिज

(इलाम, महोत्तरी, रौतहट, बारा, दोलखा, सिन्धुली, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, धनकुटा, रामेछाप, उदयपुर, गुल्मी, स्याङजा, पाल्पा, बर्दिया, डोटी, कपिलवस्तु, पाँचथर, संखुवासभा, रसुवा, लमजुङ, पर्वत, बैतडी, अर्घाखाँची र नवलपरासी (पश्चिम) )

| क.स | पद | श्रेणी/तह | सेवा | समूह / उपसमूह | साबिक दरबन्दी | थप | घट | खुद कायम | २६ कोलेनिका को |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख कोष नियन्त्रक | रा.प.द्वितिय | प्रशासन | लेखा | १ | ० | ० | १ | २६ |
| २ | कोष नियन्त्रक | रा.प.तृतीय | प्रशासन | लेखा | १ | ० | ० | १ | २६ |
| ३ | आन्तरिक लेखापरीक्षण अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | ० | ० | १ | २६ |
| ४ | लेखापाल | रा.प.अन. प्रथम | प्रशासन | लेखा | २ | २ | ० | ४ | १०४ |
| ५ | आन्तरिक लेखापरीक्षण सहायक | रा.प.अन. प्रथम | प्रशासन | लेखा | २ | ० | १ | १ | २६ |
| ६ | सह लेखापाल | रा.प.अन. द्वितिय | प्रशासन | लेखा | १ | ० | १ | ० | ० |
| ७ | हलुका सवारी चालक | श्रेणी विहिन | प्रशासन | सा.प्र. | १ | ० | ० | १ | २६ |
| ८ | कार्यालय सहयोगी , स्वीपर, माली | श्रेणी विहिन | प्रशासन | सा.प्र. | ३ | ० | ० | ३ | ७८ |
| | कुल जम्मा | | | | १२ | २ | २ | १२ | ३१२ |

नेपाल सरकार

सिंहदरबार, काठमाडौं

चन्द्रकला पौडेल
सचिव

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
धुन्चे, रसुवा

## ३.३ कोष तथा लेखा नियन्त्रक कार्यालयको शाखागत कार्यविवरण

### क. प्रशासन, निवृत्तिभरण तथा अन्तरसरकारी वित्त व्यवस्थापन शाखाः

- कार्यालयको बजेट तयारी तथा आर्थिक प्रशासन सञ्चालन गर्ने,
- कार्यालयको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने,
- कार्यालयको बेरुजुको लगत राखे, सम्परीक्षण, फर्छ्यौट र प्रतिवेदन गर्ने,
- कार्यालयको कर्मचारी प्रशासन सम्वन्धी कार्य गर्ने,
- आफ्नो क्षेत्रभित्रका आर्थिक कारोवार गर्ने कार्यालयहरूको लगत तयारी तथा अध्यावधिक गर्ने,
- महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रूपमा जिल्लाका कार्यालयहरूको आर्थिक कारोवारहरूको रेखदेख निरीक्षण गर्ने कार्यालयहरूलाई महालेखा नियन्त्रक कार्यालयको नीति निर्देशन र प्रचलित कानुनको अधिनमा रही राय सल्लाह दिने,
- निवृत्तभरण व्यवस्थापन सम्वन्धी कार्य गर्ने,
- सङ्घीय सरकारले प्रदेश तथा स्थानीयलाई दिने अनुदान रकमको वित्तीय हस्तान्तरणको गर्ने,
- प्रदेश सरकार र स्थानीय तहको वित्तीय प्रणालीहरू सञ्चालनमा समन्वय र सहयोग गर्ने,
- प्रदेश तथा स्थानीय तहको वित्तीय व्यवस्थापन सम्वन्धमा सङ्घीय सरकारबाट भएको निर्णय निर्देशन र मार्गदर्शन संचार तथा कार्यान्वयन गर्न समन्वयात्मक भूमिका निर्वाह गर्ने,
- प्रदेश र स्थानीय तहको वित्तीय प्रतिवेदन तयार तथा संकलन गर्न समन्वय तथा सहयोग गर्ने,
- आर्थिक कारोबारका प्रणालीहरू सञ्चालनमा सहयोग र सहजीकरण कार्य गर्ने ।

### ख. कोष ब्यवस्थापन शाखाः

- महालेखा नियन्त्रक कार्यालयबाट तोकिए बमोजिम नेपाल सरकारका खर्च खाताहरू सञ्चालन गरी सरकारी कोष सञ्चालन गर्ने,
- राजस्व लेखा र दाखिला तथा धरौटी लेखा फर्छ्यौट सम्वन्धमा आवश्यकता अनुसार कार्यालयको निरीक्षण गरी सो को प्रतिवेदन महालेखा नियन्त्रक कार्यलयमा र सम्बन्धित कार्यालयको तालुक विभागमा पठाउने,
- कार्यालयको निरीक्षण गर्दा कुनै कैफियत पाईएमा निकासा रोक्का गरी तालुक कार्यालयमा जानकारी दिने,
- जिल्लास्थित कार्यालयहरूले गरेको विनियोजन, राजस्व, धरौटी, विविध तथा अन्य कोषहरूको कारोबारको सम्बन्धमा जिल्लाको एकिकृत विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पेश गर्ने।

## ग. आन्तरिक लेखा परीक्षण शाखाः

- वार्षिक आन्तरिक लेखापरीक्षण कार्य योजना तयार गरी स्वीकृत गराउने,
- स्वीकृत कार्ययोजना अनुसार आन्तरिक लेखापरीक्षण योजना तयार गरी त्रैमासिक रूपमा जिल्लास्थित सङ्घीय सरकारी कार्यालयहरूको राजस्व, विनियोजन, धरौटी, जिन्सी र प्रचलित कानुनबमोजिम खडा भएको कार्यसञ्चालन कोषको नियमितता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारीताका आधारमा आन्तरिक लेखापरीक्षण गर्ने, सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहबाट अनुरोध भई आएमा जिल्ला स्थित प्रदेश र स्थानीय तहका कार्यालयहरूको आन्तरिक लेखा परीक्षण गर्ने,
- त्रैमासिक रूपमा सम्पन्न गरेको आन्तरिक लेखापरीक्षण प्रतिवेदन तयार गरी सम्बन्धित निकाय, तालुक विभाग र मन्त्रालय तथा महालेखा नियन्त्रक कार्यालयमा पेश गर्ने,
- आन्तरिक लेखापरीक्षण गर्दा आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तताको मूल्याङ्कन गरी प्रतिवेदन गर्ने,
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजू फर्छ्यौटको अवस्थाको जाँच गरी प्रतिवेदन गर्ने,
- आन्तरिक लेखापरीक्षण गर्दा देखिएको गम्भिर त्रुटी, अनियमितता, मस्यौट वा हिनामिनाको तत्काल कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख, विभागीय प्रमुख तथा सम्बन्धित सचिवलाई प्रतिवेदन गर्ने,
- आन्तरिक लेखापरीक्षणको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र महालेखा नियन्त्रक कार्यालयमा पेश गर्ने ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
धुन्चे, रसुवा

## ३.४ कार्यरत कर्मचारीहरू

| क्र.स. | नाम, थर | पद | श्रेणी | फोन नं | जिम्मेवार शाखा |
|---|---|---|---|---|---|
| १. | विन्ध्या कार्की | प्रमुख कोष नियन्त्रक | रा.प. द्वितीय | ९८५१२०८०४८ | कार्यालय प्रमुख |
| २. | सुदिप खनाल | कोष नियन्त्रक | रा.प. तृतीय | ९८५१३५४१५३ | सुचना अधिकारी र गुनासो सुन्ने अधिकारी |
| ३. | सरद भण्डारी | आलेप अधिकृत | रा.प. तृतीय | ०१०५४०१५० | आन्तरिक लेखापरीक्षण शाखा |
| ३. | विनोद शाही | आलेप सहायक | रा.प. अनं प्रथम | ०१०५४०१५० | आन्तरिक लेखापरीक्षण शाखा |
| ४. | राम बहादुर खत्री | लेखापाल | रा.प. अनं प्रथम | ०१०५४०१५० | प्रशासन, निवृत्तिभरण तथा अन्तरसरकारी वित्त समन्वय शाखा |
| ५. | जयन्ती अर्याल | लेखापाल | रा.प. अनं प्रथम | ०१०५४०१५० | कोष व्यवस्थापन शाखा |
| ६. | सेवक घिमिरे | लेखापाल | रा.प. अनं प्रथम | ०१०५४०१५० | कोष व्यवस्थापन शाखा |
| ७. | मुना तामाङ | कार्यालय सहयोगी | श्रेणीबिहिन | ०१०५४०१५० | |
| ८. | लाल बहादुर डंगोल | कार्यालय सहयोगी | श्रेणीबिहिन | ०१०५४०१५० | |
| ९. | दिनेश बिष्ट | हसचा | श्रेणीबिहिन | ०१०५४०१५० | |

**गुनासो सुन्ने अधिकारी :** कोष नियन्त्रक श्री सुदिप खनाल

**सूचना अधिकारी :** कोष नियन्त्रक श्री सुदिप खनाल

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
धुन्चे, रसुवा

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
धुन्चे, रसुवा

## ४. कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रदान गरिने सेवाहरू तथा कार्यहरू

कोष तथा लेखा नियन्त्रक कार्यालय नागरिकका दैनिक कामहरूसंग प्रत्यक्ष सरोकार राख्ने कार्यालय होईन। सेवानिवृत्त भएका राष्ट्रसेवकहरूको पेन्सन सम्बन्धी सीमित प्रशासनिक कार्य र अन्तःशूल्क सङ्कलनबाहेक नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने कार्यहरू यस कार्यालयबाट सम्पादन हुदैनन्। अतः सर्वसाधारण नागरिकहरू यस कार्यालयका सेवाग्राही नभईकन जिल्ला स्थित सरकारी कार्यालयहरू यस कार्यालयका सेवाग्राही हुन्। कानून बमोजिम तथा यस कार्यालयले आफ्ना सेवाग्राहीलाई देहायका सेवा प्रदान गर्ने गरेको छ।

**नियमित कामहरू:**

- कार्यालयको स्वीकृत बजेट अनुसार सम्बन्धित कार्यालयको भुक्तानी आदेश अनुसार भुक्तानी निकासा गर्ने,
- जिल्लास्थित कार्यालयले आर्थिक प्रशासनका बिषयमा लिखित राय माग गरेमा प्रचलित कानूनको अधीनमा रही राय प्रदान गर्ने,
- कार्यालयले तयार गरेको वित्तीय विवरणहरूको शुद्धता जाँच गरी वित्तीय विवरणहरू प्रमाणित गर्ने,
- आन्तरिक लेखापरीक्षणको माध्यामबाट कार्यालयलाई सुधारका सुझावहरू प्रदान गर्ने,
- आर्थिक कारोबार तथा आर्थिक प्रशासन सञ्चालनका बिषयमा भएका समसमायिक विषयमा कार्यालयहरूलाई सूचित गराउने,
- कानून बमोजिम कार्यालयहरूको बार्षिक तलबी प्रतिवेदन पारित गर्ने,
- आर्थिक कारोबारको संचालका सम्बन्धमा लागु भएका प्रणालीहरूको प्रयोगका लागि क्षमता विकासका तालिमहरू सञ्चालनको समन्वय गर्ने,
- CGAS, PAMS, RMIS, SuTRA लगायतप्रणाली प्रयोगका लागि अन्य कार्यालयहरूलाई सहजिकरण गर्ने,
- अन्त: शुल्क प्रशासन सम्बन्धी कार्य गर्ने
- E-Pension सम्बन्धी काम गर्ने

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
धुन्चे, रसुवा

## निवृत्तिभरण सम्बन्धी कामहरु

- परिवारिक निवृत्तिभरण अधिकारपत्र जारी गर्ने,
- निवृत्तिभरण अधिकारपट्टाको प्रतिलिपी दिने,
- निवृत्तिभरण रकमको हिसाब मिलान,
- निवृत्तिभरणको खाता बन्द गर्ने र हिसाब मिलान,
- तोकिएको उमेर ७५ वा ८५ वर्ष पुगे पछि थप पाउने रकम हिसाब गरी बैंकलाई पत्रचार गर्ने
- E pension सुविधा मार्फत निवृत्तिभरण अधिकार पत्र प्रदान

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
धुन्चे, रसुवा

## ५. रसुवा जिल्लामा रहेका सङ्घीय कार्यालयहरू र स्थानीय तहहरूः

### सङ्घ सरकार अन्तरगतका कार्यालयहरू

| क्र.स. | कार्यालय | ठेगाना | आर्थिक प्रशासन प्रमुख |
|---|---|---|---|
| १. | श्री रसुवा जिल्ला अदालत | धुन्चे, रसुवा | श्री सुब्बा तामाङ |
| २. | श्री जिल्ला प्रशासन कार्यालय | धुन्चे, रसुवा | श्री राम शाह |
| ३. | श्री जिल्ला समन्वय समितिको कार्यालय | धुन्चे, रसुवा | श्री सेवक घिमिरे |
| ४. | श्री कोष तथा लेखा नियन्त्रक कार्यालय | धुन्चे, रसुवा | श्री राम ब. खत्री |
| ५. | श्री जिल्ला सरकारी वकिल कार्यालय | धुन्चे, रसुवा | श्री सुब्बा तामाङ |
| ६. | श्री लामटाङ राष्ट्रिय निकुञ्ज कार्यालय | धुन्चे, रसुवा | श्री आकाश बहादुर शाही |
| ७. | श्री रसुवा भन्सार कार्यालय | टिमुरे, रसुवा | श्री हृद्येश न्यौपाने |
| ८. | श्री प्लान्ट क्वारेन्टाइन कार्यालय | टिमुरे, रसुवा | श्री हृद्येश न्यौपाने |
| ९. | श्री अध्यागमन कार्यालय | टिमुरे, रसुवा | श्री लाक्पा तामाङ |
| १०. | श्री जिल्ला निर्वाचन कार्यालय | धुन्चे, रसुवा | श्री लाक्पा तामाङ |
| ११. | शिक्षा विकास तथा समन्वय इकाई | धुन्चे, रसुवा | श्री सुब्बा तामाङ |
| १२. | श्री नापि कार्यालय | धुन्चे, रसुवा | श्री जयन्ती अर्याल |
| १३. | श्री मालपोत कार्यालय | धुन्चे, रसुवा | श्री जयन्ती अर्याल |
| १४. | श्री खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालय | टिमुरे, रसुवा | श्री हृद्येश न्यौपाने |
| १५. | जिल्ला हुलाक कार्यालय | धुन्चे, रसुवा | श्री सेवक घिमिरे |
| १६. | श्री कारागार कार्यालय | धुन्चे, रसुवा | श्री प्रकास उपाध्याय |
| १७. | श्री श्रीनाथ गण | धुन्चे, रसुवा | श्री रमेश राउत |
| १८. | श्री जिल्ला प्रहरी कार्यालय | धुन्चे, रसुवा | श्री हरि बस्नेत |
| १९. | श्री सशस्त्र प्र.ब. नेपाल २० नं. गुल्म | धुन्चे, रसुवा | श्री अनिरुद्ध गौतम |
| २०. | श्री राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | धुन्चे, रसुवा | श्री गौतम लकाई |
| २१. | इलाका प्रहरी कार्यालय | टिमुरे, रसुवा | श्री सम बहादुर थापा |
| २२. | श्री चरन तथा घाँसेबाली अनुसन्धान केन्द्र | धुन्चे, रसुवा | श्री यज्ञ प्र उप्रेति |
| २३. | श्री रेन्वो ट्राउट मत्स्य अनुसन्धान केन्द्र | धुन्चे, रसुवा | श्री यज्ञ प्र उप्रेति |

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
धुन्चे, रसुवा

<u>प्रदेश सरकार अन्तरगतका कार्यालयहरू:</u>

| क.स. | कार्यालय | ठेगाना | आर्थिक प्रशासन प्रमुख |
|---|---|---|---|
| १. | श्री जनस्वास्थ्य कार्यालय | धुन्चे, रसुवा | श्री चाल्स जंग शाही |
| २. | श्री पूर्वाधार विकास कार्यालय | धुन्चे, रसुवा | श्री रोशन राज बस्नेत |
| ३. | श्री जलश्रोत तथा सिँचाई विकास सव-डिभिजन | धुन्चे, रसुवा | श्री दिलिप दास |
| ४. | श्री डिभिजन वन कार्यालय | धुन्चे, रसुवा | श्री राम ब. खत्री |
| ५. | श्री उद्योग तथा वाणिज्य कार्यालय | धुन्चे, रसुवा | श्री सुदिप खनाल |
| ६. | श्री आयुर्वेद तथा वैकल्पिक चिकित्सालय | धुन्चे, रसुवा | श्री देवेन्द्र बि.क. |
| ७. | श्री रसुवा अस्पताल | धुन्चे, रसुवा | श्री निकास जंग शाही |

<u>स्थानीय तहहरू</u>

| क.स. | स्थानीय तह | ठेगाना |
|---|---|---|
| १. | गोसाइकुण्ड गाउँपालिका | स्याफ्रुवेशी |
| २. | आमाछोदिङ्मो गाउँपालिका | गोल्जुङवेशी |
| ३. | कालिका गाउँपालिका | धैबुङ |
| ४. | नौकुण्ड गाउँपालिका | सरमथली |
| ५. | उत्तरगया गाउँपालिका | उत्तरगया |

# ६. चैत्र मसान्तसम्म सम्पादित कार्यहरू

## ६.१ भूक्तानी निकासा

जिल्लास्थित सङ्घीय कार्यालयहरूलाई मिति २०८२/०४/०१ देखी २०८३/०३/३२ सम्म देहाय बमोजिम भूक्तानी निकासा गरिएको छ।

(रकम रू हजारमा)

| बजेट प्रकार | वार्षिक बजेट | निकासा | निकासा प्रतिशत |
|---|---|---|---|
| चालु | २,७७,९९,५५ | २,५८,३३,८७ | ९२.९३% |
| पुँजीगत | ९,४९,३३ | ७,०१,७२ | ७३.९२% |
| जम्मा | २,८७,४८,८९ | २,६५,३५,६० | ९२.३०% |

स्रोत: *fmis*

जिल्लास्थित प्रदेश सरकार अन्तरगतका कार्यालयहरूलाई मिति २०८२/०४/०१ देखि २०८३/०३/३२ सम्म देहाय बमोजिम भूक्तानी निकासा गरिएको छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
धुन्चे, रसुवा

(रकम रू हजारमा)

| बजेट प्रकार | वार्षिक बजेट | निकासा | निकासा प्रतिशत |
|---|---|---|---|
| चालु | ४३,०२,८७ | ३१,८९,६८ | ७४.१३% |
| पुँजीगत | ६१,८५,१२ | ४५,६४,५६ | ७३.८% |
| जम्मा | १,०४,८८,०० | ७७,५४,२४ | ७३.९३% |

स्रोत: *fmis*

## ६.२ मिति २०८२/०४/०१ देखी २०८३/०३/३२ सम्म सङ्घीय सरकारबाट स्थानीय तहलाई गरिएको वित्तीय हस्तान्तरणको अवस्थाः

(रकम रू हजारमा)

| अनुदानको प्रकार | वार्षिक बजेट | हस्तान्तरण भएको रकम | हस्तान्तरण प्रतिशत |
|---|---|---|---|
| समानीकरण अनुदान | ४३,०४,०० | ३९,३६,०० | ९१.४४% |
| सशर्त अनुदान | ६९,२५,४८ | ६९,२५,४८ | १००% |
| समपुरक अनुदान | ४,७३,०० | १,२३,३६ | २६.०८% |
| विशेष अनुदान | ४,४६,०० | २,३९,९० | ५३.७८% |

स्रोत: *Ipfms*

## ६.३ मिति २०८२/०४/०१ देखी २०८३/०३/३२ सम्म प्रदेश सरकारबाट स्थानीय तहलाई गरिएको वित्तीय हस्तान्तरणको अवस्थाः

(रकम रू हजारमा)

| अनुदानको प्रकार | वार्षिक बजेट | हस्तान्तरण भएको रकम | हस्तान्तरण प्रतिशत |
|---|---|---|---|
| समानीकरण अनुदान | ३,८९,२१ | ३,८९,२१ | १००% |
| सशर्त अनुदान | १०,१५,८१ | १०,१५,८१ | १००% |
| समपुरक अनुदान | ११,७६,०० | ४,८४,९३ | ४१.२३% |
| विशेष अनुदान | ३,२५,०० | १,७९,०९ | ५५.१०% |

स्रोत: *Ipfms*

६.४ २०८२/०४/०१ देखी २०८३/०३/३२ सम्म तलवी प्रतिवेदन पारित भएका कार्यालयको सङ्ख्याः

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
धुन्चे, रसुवा

सङ्घिय कार्यालयहरु : २० (सबै)

प्रदेशिक कार्यालयहरु : ७

स्थानीय तहहरु : *५ वटा पालिकाको अघिल्लो आवको तलवी प्रतिवेदन पारित नभएको र कानुनी द्विविधा भएकोले पारित हुन नसकेको)*

६.५ २०८२/०४/०१ देखी २०८३/०३/३२ सम्ममा मा निवृत्तिभरण शाखाबाट सम्पादित कामको विवरण

**क. पारिवारिक निवृत्तिभरण तर्फ सम्पादन भएका कामको विवरणः**

१. निजामतीः ०

२. शिक्षकः ०

३. प्रहरीः ०

४. सशस्त्र प्रहरीः ०

५. नेपाली सेनाः १

**ख. निवृत्तिभरण अधिकारपत्रको प्रतिलिपि प्रदान गरिएकोः**

१. निजामतीः १

२. शिक्षकः ०

३. प्रहरीः ०

४. सशस्त्र प्रहरीः ०

५. नेपाली सेनाः ०

**ग. सुविधा थप गरिएकोः**

१. निजामतीः ०

२. शिक्षकः ०

३. प्रहरीः ०

४. सशस्त्र प्रहरीः ०

५. नेपाली सेनाः ०

## ६.६ २०८२/०४/०१ देखी २०८३/०३/३२ सम्ममा अन्तः शुल्क शाखाबाट सम्पादित कामः

| क्र.सं. | गाउँपालिकाको नाम | व्यवसायको संख्या | संकलित राजस्व रकम रु.मा |
|---|---|---|---|
| १ | गोसाइकुण्ड गाउँपालिका | ७४ | ६,२७,५०० |
| २ | आमाछोदिङ्मो गाउँपालिका | १ | ९,००० |
| ३ | कालिका गाउँपालिका | २४ | १,६१,२५० |
| ४ | नौकुण्ड गाउँपालिका | ४ | ३३,००० |
| ५ | उत्तरगया गाउँपालिका | ६ | ६९,००० |
| जम्मा | | १०५ | ८,९९,७५० |

## ६.७ २०८२/०४/०१ देखी २०८२/१२/३० सम्मको खर्च विवरण

### क. कोष तथा लेखा नियन्त्रक कार्यालय

रकम रु हजारमा

| ब.उ.शि.नं | नाम | वार्षिक बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३०५०१०१४३ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरु | १,१३,३६ | ८९,३० | ७८.७७% |
| ३०५०१०१४४ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरु | ९,६४ | ९,२५ | ९५.९५% |
| ६०१०००१३३ | संचित बिदा | ६,७० | ६,७० | १००% |
| ६०१०००१६३ | औषधी अपचार | ९,३८ | ९,३८ | १००% |
| ३०५०४०१२३ | आन्तरिक राजस्व कार्यालयहरु | ५,९० | ४,५८ | ७७.६२% |
| ३०५०४०१२४ | आन्तरिक राजस्व कार्यालयहरु | २,६८ | २,४७ | ९२.१६% |
| २१२०००११३ | निर्वाचन आयोग (प्रशासनिक खर्च समेत) | २,२५ | २,१७ | ९६.४४% |
| जम्मा | | १,४७,६६ | १,२१,६८ | ८२.४०% |

स्रोतः **Ipfms**

### ख. प्रदेश लेखा इकाई कार्यालय

रकम रु हजारमा

| ब.उ.शि.नं | नाम | वार्षिक बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३०५०१०११३ | प्रदेश लेखा नियन्त्रक कार्यालय | ४,६० | ३,६२ | ७८.६९% |
| जम्मा | | ४,६० | ३,६२ | ७८.६९% |

## ६.८ E-pension सेवाको सुरुवात

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
धुन्चे रसुवा



मिति २०८३/०३/१० गतेबाट यस कोष तथा लेखा नियन्त्रक कार्यालयले Epension सेवाको सुरुवात गरेको छ । जिल्ला हुलाक कार्यालयका हुलाकी श्री मिङमार छिरिङ तामाङलाई निवृत्तभरण अधिकारपत्र प्रदान सँगै यो सेवाको सुरुवात रसुवा जिल्लाको लागि भएको हो ।

## ६.८ अन्तः शुल्क सम्बन्धी जनचेतना तथा छलफल कार्यक्रम



मिति२०८३/०२/११ गते जिल्ला समन्वय समितिको सभाहलमा यस रसुवा जिल्लामा अन्त शुल्कजन्य बस्तुको कारोबार गर्ने व्यवसायीहरुसँग अन्त शुल्क दर्ता तथा नविकरण सम्बन्धी जनचेतना तथा छलफल कार्यक्रम सम्पन्न गरियो ।



नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
धुन्चे, रसुवा

## ७. सुचनाको हक सम्बन्धी कार्य

| | | |
|---|---|---|
| लिखितरुपमा सुचना माग संख्या | : | ० |
| सूचना माग उपरको कारबाही संख्या | : | ० |
| सूचना माग उपरको कारबाही बाँकी संख्या | : | ० |

## ८. सेवा सहजीकरण सम्बन्धमा कार्यालयका प्रयासहरु

- नागरिक सहायता कक्ष HELP DESK सन्चालनमा रहेको
- सेवाग्राहीको सहजिकरणको लागि आवश्यक पर्ने कागजातहरुको फोटोकपि सेवा नि: शुल्क गरिएको
- कार्यालयको सेवा प्रवाह तथा प्रणाली र प्रक्रियाको बारेमा जानकारीको लागि वेभसाइट सञ्चालनमा ल्याइएको । आवश्यक सूचनाको जानकारीको लागि सामाजिक सञ्जालमा राखे गरिएको ।
- नागरिक बडापत्र कार्यालयको प्रवेशद्वारमा र कार्यालयको वेभसाइटमा राखिएको ।
- कार्यालय ले-आउट कार्यालय प्रवेशद्वारमा राखिएको ।
- गुनासो सुन्ने अधिकारी तथा सुचना अधिकारी तोकिएको ।




कार्यालयको वेभसाइट : dtcorasuwa.fcgo.gov.np

कार्यालयको सम्पर्क नं : ०१०-५४०१५०

०१०-५४००४८

कार्यालय प्रमुखको सम्पर्क नं : ९८५१२०८०४८

सुचना अधिकारीको सम्पर्क नं : ९८५१३५४१५३

कार्यालयको ईमेल ठेगाना : rasuwa.dtco@fcgo.gov.np

dtcorasuwa28@gmail.com

Google plus code : 475W+WCF, Dhunche 45000